आज मिति २०७९ साल असोज ०७ गते दिनको ११ वजे यस भेरीगंगा नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभा कक्षमा तपसिल बमोजिमको उपस्थितीमा बसी तपसिल अनुसारका निर्णयहरु पारित गरियो ।

तपसिल :

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवि बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री प्रेमबहादुर आग्री, वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री रामबहादुर डाँगी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री मान बहादुर ठाडा, (सचिव)नि.प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु :

श्री कुलबहादुर खड्का, अधिकृत छैटौं
श्री विजयकुमार खत्री, ईन्जिनियर
श्री विरबहादुर चुनारा, सहयोगी

निर्णय प्रमाणित

**प्रस्ताव नं. १ : भेरी नदी र सम्पुर्ण खोलाहरुको IEE स्वीकृती गर्ने सम्बन्धमा ।**

निर्णय नं १ : यस भेरीगंगा नगरपालिकाको आ.व.२०७९।०८० र आ.व.२०८०।०८१ को लागि भेरी नदी, छिन्चु खोला, मोहटी खोला, गोचे खोला, भिउुनी खोला र ढुंगीखोलाबाट नदीजन्य पदार्थ उत्खनन् तथा बिक्रि वितरण गर्ने प्रयोजनको लागि सक्रिय परामर्श सेवा प्रा.लि.ले पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) सम्बन्धित निकायहरुको राय तथा परामर्श समावेश गरी छलफल भई सर्वसम्मतीले IEE प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : टेण्डर गर्ने सम्बन्धमा (बोलपत्र/दरभाउपत्र/कोटेशन) ।**

निर्णय नं. २ : यस भेरीगंगा नगरपालिकाबाट आ.व. २०७९।०८० को वार्षिक स्वीकृत कार्यक्रम बमोजिमका मालसामान खरिद, निर्माण कार्य, परामर्श सेवाका सम्बन्धित कार्यहरुलाई दरभाउपत्र, बोलपत्र वा कोटेशन विधिद्वारा तपसिलका योजना तथा कार्यक्रमहरु खरिद तथा निर्माण कार्यका लागि प्रक्रिया अगाडि बढाउने निर्णय सर्वसम्मतीले पारित गरियो । साथै नगरपालिकाको प्रशासनिक भवनको विस्तृत योजना प्रतिवेदन (DPR) स्वीकृत गरियो ।

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | खरिद विधि |
|---|---|---|
| १. | ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा बिक्रिबितरण | बोलपत्र |
| २. | नगरपालिकाको प्रशासनिक भवन निर्माण (वडा नं. १२ मा) | बोलपत्र |
| ३. | भेरीगंगा बहुउद्देशीय कृषि भवन निर्माण (वडा नं. १२ छिन्चुबजारको साझा घर भएको जग्गामा) | बोलपत्र |
| ४. | सवारी साधन (गाडी) खरिद | बोलपत्र |
| ५. | औषधी तथा औषधीजन्य सामग्री खरिद | दरभाउपत्र |
| ६. | न्यानो झोला खरिद | बोलपत्र |
| ७. | स्यानिटरी प्याड खरिद | बोलपत्र |
| ८. | फर्निचर, फर्निसिंङ खरिद | कोटेशन |
| ९. | स्टेशनरी, मसलन्द खरिद | दरभाउपत्र र कोटेशन |
| १०. | छिन्चु बसपार्क निर्माण (वडा नं. १२ मा) | स्वीकृत बोलपत्रलाई सम्झौता अनुसार तत्काल कार्य अगाडि बढाउने । |

**प्रस्ताव नं. ३ : भेरीगंगा बहुउद्देशीय कृषि भवन निर्माण गर्न कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) संग समन्वय/सम्झौता गर्ने सम्वन्धमा ।**

निर्णय नं ३ : यस भेरीगंगा नगरपालिका वडा नं. १२ छिन्चुबजारको साझा घर भएको जग्गामा बहुउद्देशीय कृषि भवन निर्माण गर्नका लागि कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) सँगको साझेदारीमा यस भेरीगंगा नगरपालिकाले १० प्रतिशत र कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) ले ९० प्रतिशत लागत अनुमान व्यहोर्ने गरी यस बहुउद्देशीय कृषि भवनको विस्तृत योजना प्रतिवेदन (DPR) स्वीकृत गरियो साथै बहुवर्षिय ठेक्का प्रक्रिया समेत अगाडि बढाउने र सो का लागि ASDP सँग सहकार्य तथा समन्वय गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ४ : योजनाको म्याद थप तथा बजेट माग सम्बन्धमा ।**

निर्णय नं. ४ : यस भेरीगंगा नगरपालिकाले आ.व.२०७८।०७९ मा योजना सम्झौता भई कार्यसम्पन्न हुन बाँकी र म्याद थपको लागि निवेदन पेश हुन आएका तपसिलका योजनाहरुको म्याद थप सम्बन्धमा नेपाल राजपत्रमा प्रकाशित सार्वजनिक खरिद ऐन तथा कार्यविधि, भाग ३ मिति २०७९।०३।२० गतेको दफा १२० (क) को उपदफा (३) बमोजिम आर्थिक भार नपर्ने गरी बढीमा सम्वत् २०८० असार मसान्तसम्म म्याद थप गर्न सकिने व्यवस्था रहेको हुँदा निम्न अनुसारका सम्बन्धित योजनाहरुलाई २०८० असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

(क) आधारभूत स्वास्थ्य सेवा केन्द्र भेरीगंगा वडा नं. १, ३, ६ र ७ को भवन निर्माण कार्यमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट समयमै रकम निकासा नभएको र विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को कारण र उक्त भवनहरुलाई आवश्यक पर्ने जग्गा समयमै व्यवस्थापन हुन नसकेका कारण निर्माण कार्य बांकी रहेकोले अन्तिम पटकका लागि २०८० साल असार मसान्तसम्म म्याद थप गर्ने र सम्बन्धित निकायमा बजेट माग गर्ने ।

निर्णय प्रमाणित

(ख) भेरीगंगा ८ को दलित संग्रहालय निर्माण सम्पन्नको लागि २०७९ असोज मसान्तसम्म म्याद रहेकोमा निर्माण कार्य सम्पन्न गर्नका लागि म्याद थपको निवेदन पेश भएको हुँदा २०८० साल असार मसान्तसम्म म्याद थप गर्ने र सम्बन्धित निकायमा बजेट माग गर्ने ।

(ग) जिल्ला समन्वय समिति सुर्खेतको सहलगानीमा सन्चालित सामुदायिक मा.वि. मोहटी र पाडुले डिपबोरिङ्ग खानेपानीको २०८० साल असार मसान्तसम्म म्याद थप गर्ने र सम्बन्धित निकायमा बजेट माग गर्ने ।

**प्रस्ताव नं. ५ : अमानतद्वारा नदीजन्य पदार्थ उत्खनन् तथा बिक्रि वितरण गर्ने सम्बन्धमा ।**

निर्णय नं ५ : यस भेरीगंगा नगरपालिकामा रहेका खोला तथा नदीहरुको नदीजन्य पदार्थहरुको उत्खनन्, बिक्रि वितरण र व्यवस्थापनका लागि टेण्डर प्रक्रिया भई सम्झौता हुने अवधिसम्मका लागि यस भेरीगंगा नगरपालिकाले अमानतद्वारा उक्त कार्य व्यवस्थापन गर्ने र व्यवस्थापनको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ६ : नमूना समाजको सम्झौता रद्ध गर्ने सम्बन्धमा ।**

निर्णय नं. ६ : यस भेरीगगा न.पा.को वडा नं. २, ८, ११ र १२ वडामा नमूना गाँउ निर्माण गर्ने कार्यक्रम अन्तर्गत भेरीगंगा नगरपालिका र नमूना समाज सुर्खेतबीच २०७७।०५।२३ गते साझेदारीमा कार्यक्रम संचालन गर्ने गरी २०८० साल असार मसान्तसम्म सम्पन्न गर्ने गरी ३ वर्षे अवधि राखी दोहोरो सम्झौता भएको । कार्यपालिकाको मिति २०७७।०८।१९ को निर्णय बमोजिम साझेदारी रकम संस्थालाई उपलब्ध गराएको । यस कार्यालयको मिति २०७९।०५।१९ को पत्रबाट सम्झौताबमोजिम कार्यक्रम सम्पन्न भएको भए बिल भपाई पेश गर्न अन्यथा नगर तर्फको साझेदारी रकम फिर्ता गर्न ताकेता गरिएको सन्दर्भमा विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड १९ को कारण दातृ निकायबाट समेत सम्झौता रद्ध भई रकम निकासा नभएको भनी विविध कारण देखाई सम्झौता बमोजिमको कार्यक्रम/क्रियाकलाप संचालन गर्न संस्थाको सिमित श्रोतबाट नसकिने भएकोले नगर तर्फको साझेदारी रकम फिर्ता दाखिला गरेको बैंक भौचर र बैंक स्टेटमेन्ट प्राप्त भएको, संस्थाको कार्य सन्तोषजनक नभएको र सम्झौता समेत खारेज गरी पाऊ भनी संस्थाको प.सं.२०७९।०८०, च.नं. ०१, मिति २०७९।०५।२१ को पत्रबाट जानकारी प्राप्त हुन आएको विषय उपर बैठकमा छलफल हुँदा नगर तर्फको साझेदारी रकम प्राप्त भएकोले सोको फरफारक गरी संस्थासँग भएको सम्झौता खारेज गर्ने र सोको जानकारी सरोकारवाला निकायलाई दिने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ७ : खानेपानी, सरसफाई तथा स्वच्छता योजना (Wash Plan) स्वीकृत गर्ने सम्बन्धमा ।**

निर्णय नं. ७ : वातावरण र जनस्वास्थ्य संस्था (ENPHO) को प्राविधिक सहयोगमा तयार पारिएको यस भेरीगंगा नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना २०७९ (WASH Plan) माथि व्यापक छलफल गरीयो र उक्त योजना स्वीकृत गर्ने निर्णय गरियो साथै सोको अनलाईन मार्फत अपडेट गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ८ : सरसफाई तथा फोहोरमैला व्यवस्थापन निर्देशिका २०७९ पारित गर्ने सम्बन्धमा ।**

निर्णय नं. ८ : यस भेरीगंगा नगरपालिकाको सरसफाई तथा फोहोरमैला व्यवस्थापन गर्नको लागि तयार पारिएको सरसफाई तथा फोहोरमैला व्यवस्थापन निर्देशिका २०७९ माथि व्यापक छलफल गरियो साथै उक्त निर्देशिका स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ९ : अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुको पारिश्रमिक सेवा सुविधा साथै प्रमुख भूमिकामा रहेका कर्मचारीको थप सेवा सुविधा सम्बन्धमा ।**

निर्णय नं. ९ : यस भेरीगंगा नगरपालिकाका अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुले खाईपाई आएको तलब स्केलमा २०७९ साल साउन महिनादेखि लागुहुने गरी १५ प्रतिशतले तलब बृद्धि गर्ने र सामाजिक परिचालकहरुको हकमा नेपाल सरकारका राजपत्र अनंकित चर्तुर्थ श्रेणीले खाईपाई आएको सुरु तलब स्केल मात्र पाउने गरी सो सरह तलब बृद्धि गर्ने र उल्लेखित कर्मचारीहरुलाई वार्षिक रुपमा पोशाक भत्ता उपलब्ध गराउने निर्णय सर्वसम्मतीले पारित गरियो र साविक लेखपराजुल गाविसमा कार्यरत कर्मचारीहरुलाई साविकमा प्रदान गर्दै आईरहेको विशेष प्रोत्साहन भत्तालाई निरन्तरता दिने निर्णय गरियो साथै तपसिल बमोजिमका कर्मचारीहरुलाई तपसिल बमोजिमको ईन्धन तथा संचार सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

| पद | ईन्धन | संचार | कै. |
|---|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | ५० लि. | ३००० | |

निर्णय प्रमाणित

| | | | |
|---|---|---|---|
| लेखा अधिकृत | ४० लि | २००० | |
| सूचना अधिकारी | ३० लि. | १५०० | |

साथै दशै तथा तिहार पर्वको समयमा मात्र सम्बन्धित वडाको सिफारिसको आधारमा ईलाका प्रहरी कार्यालय छिन्चुलाई ७० लिटर पेट्रोल, मैनतडा प्रहरी पोष्टलाई ५० लिटर पेट्रोल, रामघाट प्रहरी चौकीलाई ५० लिटर पेट्रोल र बबई प्रहरी पोष्टलाई ५० लिटर पेट्रोल उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : उपभोक्ता समितिले गर्ने कामको प्रकृति र बजेटको आधारमा योजना सम्झौताको सिमा तोक्ने र अनुगमनमा एकरुपता कायम गर्ने सम्बन्धमा ।**

निर्णय नं. १० : यस भेरीगंगा नगरपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रम संचालन गर्दा कामको प्रकृति अनुसार (जस्तै: परामर्श लिई गर्नुपर्ने भवन निर्माण, पुलपुलेसा निर्माण, सडक कालोपत्रे बाहेक) योजना तथा कार्यक्रमहरु यहि २०७९ चैत्र मसान्त भित्र उपभोक्ता समितिबाट सम्झौता गरी कार्य संचालन गर्ने र उपभोक्ता समितिबाट गर्ने बाहेकका योजनाहरु प्रकृती हेरी बोलपत्र/दरभाउपत्र/कोटेशन प्रकृयाबाट सन्चालन गर्ने र सबै योजनाहरुको प्राबिधिक सहित अनुगमन समितिले अनुगमन गरेपछि मात्र रकम भुक्तानी दिने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ११ : वार्षिक समिक्षा सम्बन्धमा ।**

निर्णय नं. ११ : यस भेरीगंगा नगरपालिकाको आ.व.२०७८।०७९ को वार्षिक कार्य प्रगती सम्बन्धि वार्षिक समिक्षा यहि मिति २०७९ साल असोज २६ गते बिहान ११:०० बजे नगरसभा कक्षमा संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ : व्यापार/व्यवसायीहरुको प्रमाणपत्र नवीकरण नगरबाटै गराउने सम्बन्धमा ।**

निर्णय नं. १२ : यस भेरीगंगा नगरपालिका भित्र रहेका व्यापार/व्यवसायीहरुको व्यवसाय दर्ता तथा नवीकरण कार्य यसै नगरपालिकाबाट गराउन सबैमा आव्हान गर्ने र सो का लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं १३ : उद्यम विकास कार्यक्रम (मेडपा) संचालनका लागि वडा छनौट सम्बन्धमा ।**

निर्णय नं. १३ : यस बर्ष उद्यम विकास कार्यक्रम (मेडपा) सन्चालन गर्नका लागि यस भेरीगंगा नगरपालिकाका वडा नं. १ र ३ छनौट गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं १४ : समपुरक कोष बजेट सम्बन्धमा ।**

निर्णय नं. १४ : यस आ.व.को लागि नगरस्तरको समपुरक कोषको रकमबाट तपसिल बमोजिमका योजनाहरुमा नगरपालिकाको तर्फबाट तपसिल अनुसार बजेट विनियोजन गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

| क्र.सं. | योजनाको नाम | साझेदारी रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | सामुदायिक माध्यमिक विद्यालय मोहटी | २६६६६६७ | जि.स.स. |
| २. | पाङुले डिपबोरिङ्ग खानेपानी निर्माण | २१०००० | जि.स.स. |
| ३. | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | १५००००० | (NCCSP2) |

**प्रस्ताव नं. १५ : कवाडी सामग्री र स्वास्थ्य चौकी प्रयोगशाला स्थापना र शुल्क तोक्ने सम्बन्धमा ।**

निर्णय नं. १५ : यस भेरीगंगा नगरपालिका भित्रबाट कवाडी सामग्रीको ठेक्का गर्ने प्रयोजनका लागि आवश्यक दररेटको निर्णय गरी कार्यपालिकामा पेश गर्न राजस्व परामर्श समितिलाई निर्देशन दिने र स्वास्थ्य चौकी छिन्चुमा प्रयोगशाला (ल्याव) सेवा सन्चालन गर्ने साथै नगरपालिकाबाट सन्चालित सबै ल्यावमा आगामी नगरसभाबाट अनुमोदन हुने गरी तपसिल अनुसार प्रयोगशाला शुल्क लगाउने निर्णय सर्बसम्मतीले पारित गरियो ।

| क्र.सं. | जाँच | शुल्क रु. | क्र.सं. | जाँच | शुल्क रु. |
|---|---|---|---|---|---|
| १. | CBC | १०० | १६. | MP | नि:शुल्क |
| २. | WBC | ५० | १७. | HCV | २०० |
| ३. | DLC | ५० | १८. | H.PYLORI | २०० |
| ४. | HB | ३० | १९. | RA FACTOR | १५० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | ESR | ३० | २०. | ASO TITRE | २०० |
| ६. | BT | ३० | २१. | CRP | २०० |
| ७. | CT | ३० | २२. | MANTOUX | ५० |
| ८. | FBS/PP/RBS | ५०/५०/५० | २३. | BLOOD GROUPING & Rh Type | ५० |
| ९. | UREA | १०० | २४. | WIDAL TEST | १०० |
| १०. | CREATININE | १५० | २५. | STOOL R/E & M/E | ५० |
| ११. | URIC ACID | १५० | २६. | URIN R/E & M/E | ५० |
| १२. | BILLURIBIN T/D | १०० | २७. | SEMEN ANALYSIS | ५० |
| १३. | VDRL | १०० | २८. | PREGNANCY TEST | ५० |
| १४. | HBSAg | १५० | २९. | COVID-19 ANTIGEN TEST | नि:शुल्क |
| १५. | HIV | नि:शुल्क | ३०. | SPUTUM FOR AFB TEST | नि:शुल्क |

**प्रस्ताव नं. १६ : फाजिल कर्मचारी सम्बन्धमा ।**

निर्णय नं. १६ : स्वास्थ्य शाखा तर्फका दरबन्दीमा नभएका फाजिल कर्मचारीहरुको सम्बन्धमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७ : आर्थिक सहयोग सम्बन्धमा ।**

निर्णय नं. १७ : यस भेरीगंगा नगरपालिकामा विभिन्न मितिमा आर्थिक सहयोगका लागि प्राप्त निवेदनअनुसार तपसिल बमोजिमका व्यक्ति, संघ संस्थालाई तपसिल बमोजिमको प्रयोजनका लागि आर्थिक सहयोग माग भई आएकोले मिल्ने सम्वन्धित शीर्षकबाट रकम उपलब्ध गराउने निर्णय सर्बसम्मतीले पारित गरियो ।

तपसिल

| सि.नं. | नाम | प्रयोजन | प्रस्तावित रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल इन्टरनेशनल तेक्वान्दो महासंघ कर्णाली प्रदेश | राष्ट्रिय खेलमा खेलाडी सहभागिता | ५० हजार | |

**प्रस्ताव नं. १८ : जग्गा उपयोग गर्न दिने सम्बन्धमा ।**

निर्णय नं. १८ : यस भेरीगंगा नगरपालिकामा रहेको हिमशिखर बहुमुखी क्याम्पस रामघाटलाई भवन तथा संरचना निर्माण गर्नका लागि रामघाट सेवा केन्द्रको कृषि क्याम्पस भवनको उत्तर तर्फको विगतमा वडा नं. ११ को कार्यालयका लागि छुट्याईएको करिब ५ रोपनी ऐलानी प्रती जग्गा उपयोग गर्न दिने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. १९ : कार्यपालिका बैठक सम्बन्धमा ।**

निर्णय नं. १९ : यस भेरीगंगा नगर कार्यपालिकाको मासिक बैठकको सम्बन्धमा यस अघि हरेक महिनाको ७ गते मात्र तोकिएकोमा अव उप्रान्त ७, १७ र २७ गते बिहान ठिक ११ बजे बस्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २० : भैपरी आउने कार्य गर्न रकम विनियोजन गर्ने सम्बन्धमा ।**

निर्णय नं. २० : यस भेरीगंगा नगरपालिकाका सबै वडाका सडकहरु सरसफाई लगायतको भैपरी आउने कार्य गर्नका लागि अल्या रकमबाट प्रत्येक वडामा २/२ लाखका दरले २६ लाख रकम विनियोजन गर्ने र दशैं अघि नै सडकहरु सरसफाई गरी सडक सुचारु गराउन सबै वडालाई निर्देशन दिने निर्णय सर्बसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. २१ : अल्या रकम पेश गर्ने सम्बन्धमा ।**

निर्णय नं. २१ : यस भेरीगंगा नगरपालिकाको अल्या रकम अर्को कार्यपालिका बैठकमा विस्तृत रुपमा पेश गर्न आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो ।